# राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालद्वारा आयोजना गरिएको
## हलिया समावेशीकरणका लागि क्षमता अभिबृद्धि गोष्ठीबाट जारी
## घोषणा पत्र २०६८

नेपाली समाज ऐतिहासिक राजनीतिक संक्रमणकालिन अवस्थाबाट गुर्जीरहेको छ । २०६३ को बृहत शान्ति सम्झौता उल्लेख भए बमोजिम मुलुकमा राजनैतिक पुनःसंरचना र सामाजिक क्षेत्रमा रुपान्तरणको सवाल र राज्यबाट विभिन्न मुक्त क्षेत्रको घोषणा होस वा चाहे हलिया मुक्तिको घोषणा होस ्वा अन्तरिम संविधान २०६३ का मौलिक हक र राज्यको निर्देशक सिद्धान्त र मुल्य र मान्यताका आधारमा प्रदान गरीएका सवालहरु यतिवेला सवैको समिक्षा गर्नु पर्ने भएको छ तर सो अनुकुल हामी अघीबढी रहेका छौ वा छैन भन्ने संर्न्दभमा राज्यका प्रमुख निकायमा एवं सरोकारवाला निकाय र समुदायको ध्यान जानु पर्ने भएको छ । यही परिवेशमा राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालले मुक्त हलिया, खलियाहरुको पुर्नस्थापना गरौं ! सामाजिक न्यायपूर्ण श्रम सम्बन्ध कायम गरौं !! भन्ने मुल नाराका साथ सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका ९ वटै जिल्लाका ३० जना हलिया अधिकारकर्मीहरुको सहभागितामा मिति २०६८ मंसिर १९ देखि २० गतेसम्म धनगढीमा दुई दिने हलिया समावेशीकणका लागि क्षमता अभिबृद्धि गोष्ठी सम्पन्न भयो ।

वर्तमान राज्यको परिवर्तित सन्दर्भ अनुसार हलिया अधिकारकर्मीहरुमा जनवकालत सिप सम्बन्धी क्षमता अभिबृदि गर्न आयोजना गरिएको उक्त गोष्ठीको समुदघाटन समारोहमा RDN नेपालका केन्द्रीय अध्यक्ष गणेश बि. के., राष्ट्रिय मानव अधिकार आयोगका संरक्षण झंकर रावल, इन्सेकका क्षेत्रिय संयोजक खडक राज जोशी, लुथरन विश्व फेडेरेशनका क्षेत्रीय कार्यक्रम संयोजक यदुलाल श्रेष्ठ, केएर नेपालका क्षेत्रीय कार्यक्रम प्रबन्धक राम शरण प्याकुरेल, आरडिआईएफ का कलावती चन्द, RDN नेपालका के. उपाध्यक्ष निरा जैरु, नेपाल बार एसोसियसनका जानकी तुलाधर लगायत व्यक्तिहरुले शुभकामना मन्तब्य ब्यक्त गर्नुभएको थियो । सो कार्यक्रमको सहजीकरण संगठनका केन्द्रीय अध्यक्ष गणेश बि. के. र शिक्षाबिद डा. हेमराज पन्तले गर्नुभएको थियो । गोष्ठीको अन्तमा मुक्त हलियाहरुको न्यायिक पुर्नस्थापनाको सवालमा ७ वुदें घोषणा पत्र जारी गरिएको छ ।

**हाम्रा मागहरु :**

१) हलिया प्रथा (श्रम निषेध गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयकमा गरिएको व्यवस्था अनुसार मुक्त हलियाहरुको पुर्नस्थापनाका लागि सरकारी स्तरबाट निर्माण गरिएको अनुगमन समितिलाई समावेशी बनाउनका लागि त्यसको पुर्नगठन गरियोस् ।

२) हलिया पुर्नस्थापना तथा अनुगमन समितिमा अन्तरगत केन्द्रीय स्तरमा हलिया अधिकारको क्षेत्रमा काम गर्ने पहिलो संगठन राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल र जिल्ला स्तरमा हलिया अधिकार मंचको प्रतिनिधित्व सुनिश्चत गर्न जोडदार माग गर्दछौं ।

३) नेपाल सरकारले हलिया मुक्ति गर्नु पूर्व जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गरी कानूनी रुपमा मुक्त भएका हलियाहरुको यथासक्य पुनः तथ्याकं संकलन गरी परिचय पत्रको व्यबस्था गरियोस् ।

४) मुक्त हलियाको न्यायिक पुर्नस्थापनाका लागि सरकारले अख्तियार गरेको रणनीतिहरु परिमार्जन गर्नको लागि नागरिक तहबाट राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालले वैकल्पिक सुझावहरु पेश गर्ने निर्णय गरियो जसको कार्यान्वयनका लागि सम्बन्धित पक्ष संवेदनशिल हुन जोडदार माग गर्दछौं ।

५) अधिकार सम्पन्न "हलिया मुक्ति तथा पुर्नस्थापना आयोग" गठन गरियोस् ।

६) हलियाहरुले बस्दै आएको घरबास, भोगचलन गरिएको जग्गा स्थानीय सर्जमिनका आधारमा निजकै नाममा दर्ता गरियोस् ।

७) मुक्त हलियाहरुको न्यायिक पुर्नस्थापनाको सवालमा राजनीतिकरण गर्न खोजेमा हुन आउने आन्दोलनको आँधिवेहोरीबाट सृजित क्षेतिलाई सम्बन्धित निकायले नै जिम्मेवारी लिने कुराको अवगत गराउन चाहन्छौं ।

........................

**डम्बरसिंह टमटा**
केन्द्रीय अध्यक्ष
हलिया अधिकार मंच
केन्द्रीय कार्यालय, धनगढी कैलाली